# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल


प.सं.-२०८१/०८२
च.नं. ८८ (प्रशासन)

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल २०७३

मितिः २०८१/०४/१३
ने.सं. -११४४ दिल्लागा अष्टमी

**विषयः निवेदन तथा कागजात पेश गर्ने सम्बन्धमा ।**

जो जससँग सम्बन्ध राख्दछ,
बेलका नगरपालिका, उदयपुर ।

प्रस्तुत विषयमा प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशको च.नं. २८, मिति २०८१/०४/०७ को पत्रानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) मा उल्लेख भएको "स्थानीय तहमा कर्मचारी समायोजन हुँदाका बखत स्वीकृत दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा अस्थायी, करार नियुक्ति भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ प्रारम्भ हुँदाका बखतसम्म अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरूलाई प्रदेश लोक सेवा आयोगबाट एक पटकका लागि त्यस्ता कर्मचारी मात्र सहभागी हुने गरी विज्ञापन प्रकाशन गरिनेछ । उक्त विज्ञापनमा उम्मेदवार हुन त्यस्ता कर्मचारीलाई उमेर हद लाग्ने छैन" भन्ने व्यवस्था कार्यान्यन गर्न बनेको **"ऐनको दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१"** बमोजिम योग्यता पुगेका अस्थायी तथा करार कर्मचारीहरूले यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिनभित्र कार्यविधि बमोजिमका कागजात सहित नगरपालिकाको प्रशासन शाखामा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः **"स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को खण्ड (ग) को उपखण्ड (३) बमोजिम विज्ञापन प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०८१"** यसै सूचनासाथ संलग्न गरिएको छ ।

..............................
पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम घिमिरे
प्रमुख प्रशासकीय अधिकृत